# नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।११।१९

संवत् २०७५ को ऐन नं २९

## नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**ः मुलुकको संघीय ढाँचा अनुकूल हुने गरी तथा नेपालको संविधानको धारा ३०४ को सन्दर्भमा प्रचलित नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः यस ऐनको नाम "नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा संशोधन**ः प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को,-

(१) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(२) दफा ३क. को सट्टा देहायको दफा ३क. राखिएको छः-

**"३क. प्राचीन स्मारकको वर्गीकरण**ः (१) नेपाल सरकारले स्वामित्वको दृष्टिले प्राचीन स्मारकलाई सार्वजनिक प्राचीन स्मारक र निजी प्राचीन स्मारक गरी दुई किसिमले वर्गीकरण गर्न सक्नेछ।

(२) नेपाल सरकारले प्राचीन स्मारकलाई महत्त्वको दृष्टिले अन्तर्राष्ट्रिय महत्त्व, राष्ट्रिय महत्त्व, प्रादेशिक महत्त्व र स्थानीय महत्त्व गरी चार किसिमले वर्गीकरण गर्न सक्नेछ।"

(३) दफा ३छ. पछि देहायको दफा ३ज. थपिएको छः-

**"३ज. प्राचीन स्मारकको प्रदेश तथा स्थानीय तहबाट संरक्षण**ः (१) यो दफा प्रारम्भ हुँदाका बखत नेपाल सरकारले संरक्षण र व्यवस्थापन गरेका प्राचीन स्मारकमध्ये प्रादेशिक महत्त्वका प्राचिन स्मारक सम्बन्धित प्रदेश सरकारलाई र स्थानीय महत्वका प्राचिन स्मारक सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षण तथा व्यवस्थापन विभागले तोकेको मापदण्ड बमोजिम सम्बन्धित प्रदेश र स्थानीय तहले गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षणको प्रयोजनको लागि प्रदेश सरकार वा स्थानीय तहले दफा ३ बमोजिम संरक्षित स्मारक क्षेत्र घोषणा गर्न सक्नेछन्।"

३. **विकास समिति ऐन, २०१३ मा संशोधनः** विकास समिति ऐन २०१३ को,-

(१) दफा २ को खण्ड (क) मा रहेका "दफा ३" भन्ने शब्दहरुको सट्टा "दफा ३ वा ३क" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"**३क. समिति गठन गर्ने प्रदेश सरकारको अधिकारः** (१) यस ऐन बमोजिम समिति गठन भई सञ्चालनमा रही नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएका योजना, परियोजना वा संस्थालाई प्रदेश सरकारले विकास समितिको रुपमा सञ्चालन गर्न आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) अन्तर्गतको आदेशद्वारा समितिका काम र कर्तव्य तोकिने छन् र समिति गठन गर्दाका बखत आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ।

(३) समितिमा सूचित आदेशमा तोकिएको मापदण्डका आधारमा प्रदेश सरकारले नियुक्ति गरेका तीन जना व्यक्तिहरु रहने छन्।

(४) उपदफा (१) बमोजिम गठित समिति बमोजिमको योजना, परियोजना कार्यान्वित भएपछि सो समिति स्वतः विघटन हुनेछ र त्यसको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"

(३) दफा ४ मा रहेका "दफा ३ अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "दफा ३ वा ३क. अन्तर्गत " भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ५ को,—

(क) उपदफा (१) मा रहेका "दफा ३ अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "दफा ३ वा ३क. अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर दफा ३ अन्तर्गत निकालिएको आदेश बमोजिमका समितिले बनाएका नियमहरुमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र दफा ३क. अन्तर्गत

निकालिएको आदेश बमोजिमका समितिले बनाएका नियमहरुमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।"

४. **<u>अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ मा संशोधन</u>:** अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ३ को उपदफा (१) मा रहेका "सार्वजनिक कामको निमित्त" भन्ने शव्दहरु पछि "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लागि" शव्दहरु राखिएका छन।

५. **<u>प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ मा संशोधन</u>:** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को,-

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "सम्बन्धित विभाग" भन्नाले वाणिज्य सम्बन्धी फर्मको विषयको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र सो बाहेकका अन्य उद्योगको विषयका लागि उद्योग विभाग सम्झनु पर्छ र सो शब्दले वाणिज्य सम्बन्धी विषय र घरेलु तथा साना उद्योगको विषयको लागि प्रदेश सरकारको वाणिज्य तथा उद्योग हेर्ने विभाग वा कार्यालयलाई समेत जनाउनेछ।"

(२) दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

**"५क. <u>प्रदेशमा प्राइभेट फर्म रजिष्ट्रेशन</u>:** प्रदेशस्तरमा प्राइभेट फर्मको रजिष्ट्रेशन, नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

६. **<u>आवश्यक सेवा सञ्चालन ऐन, २०१४ मा संशोधन</u>:** आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

**"३क. <u>हड्ताल निषेध गर्ने प्रदेश सरकारको अधिकार</u>:** (१) सार्वजनिक हितको लागि आवश्यक एवं उचित लागेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएको कुनै आवश्यक सेवामा हड्ताल निषेध गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै आवश्यक सेवामा नेपालभर लागू हुने गरी हडताल निषेध गर्ने आदेश जारी गरेकोमा प्रदेश सरकारले त्यस्तो सेवामा हडताल निषेधको आदेश जारी गर्नु पर्ने छैन र दफा ३ बमोजिम नेपाल सरकारले जारी गरेको आदेश प्रदेश सरकारले उपदफा (१) बमोजिमको आदेश सरह कार्यान्वयन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश छ महिनासम्मको लागि लागू रहनेछ।

(४) उपदफा (१) बमोजिम प्रदेश सरकारले कुनै आदेश निकालेपछिः-

नेपाल कानून आयोग

(क) सो आदेशमा तोकिएको कुनै आवश्यक सेवामा काम लगाई राखेको कुनै व्यक्तिले हड्ताल गर्न वा त्यसमा भाग लिन वा भाग लिई राख्न पाउने छैन।

(ख) त्यस्तो सेवामा काम लगाई राखिएका व्यक्तिले त्यस्तो आदेश जारी हुन भन्दा अघि वा पछि गरेको हड्ताल वा गर्छु भनी घोषणा गरेको हड्ताल अवैध मानिनेछ।"

७. **<u>गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ मा संशोधन</u>**ः गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ९च. को उपदफा (१) मा रहेका "सपुर्दगी ऐन, २०४५" भन्ने शब्दहरूको सट्टा "सपुर्दगी ऐन, २०७०" भन्ने शब्दहरू राखिएका छन्।

८. **<u>तथ्याङ्क ऐन, २०१५ मा संशोधन</u>**ः तथ्याङ्क ऐन, २०१५ को दफा ७ख. पछि देहायको दफा ७ग. थपिएको छः-

"**७ग. <u>प्रदेश सरकार वा स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्न सक्ने</u>**ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा स्थानीय तहले आफूलाई आवश्यक पर्ने विवरण वा तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वा तयार गरिएको कुनै व्यक्तिगत वा परिवार वा फर्म वा कम्पनी सम्बन्धी विवरण वा तथ्याङ्क दिने व्यक्तिको वा निजद्वारा अधिकार प्राप्त व्यक्तिको लिखित स्वीकृति विना अधिकार प्राप्त अधिकृत बाहेक अरु कसैलाई प्रत्यक्षरुपमा देखाउन वा प्रकाशन गर्न हुँदैन।

(३) नेपाल सरकारले विवरण वा तथ्याङ्क संकलन गरेको वा राष्ट्रिय रूपमा विवरण वा तथ्याङ्क सङ्कलन हुने विषयमा प्रदेश वा स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन गर्ने छैनन्।

(४) प्रदेश वा स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश वा स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।"

९. **<u>जलचर संरक्षण ऐन, २०१७ मा संशोधन</u>**ः (१) जलचर संरक्षण ऐन, २०१७ को,-

(१) दफा २ को खण्ड (घ) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहलाई" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५ख. पछि देहायको दफा ५ग. थपिएको छः-

"**५ग. <u>प्रदेश तथा स्थानीय तहबाट जलचरको संरक्षण</u>**ः प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रभित्र जलचरको संरक्षण गर्नु पर्नेछ।"

(३) दफा ७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा ४ बमोजिम मनाही गरिएका जलचर वा दफा ५ बमोजिमका खास जलमा रहेका जलचर बाहेक अन्य जलचर समात्ने तथा मार्ने कामको लागि नेपाल सरकारले उपदफा (३) बमोजिम जारी गरेको मापदण्डको अधीनमा रही स्थानीय तहले कानून बमोजिम ठेक्का गर्न सक्नेछ ।"

(ख) उपदफा (४) मा रहेका "वा (२)" भन्ने शब्दहरु झिकिएका छन्।

१०. **<u>आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ मा संशोधनः</u>** आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेका "नेपाल राजपत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको हकमा नेपाल राजपत्रमा र प्रदेश सरकारको हकमा प्रदेश राजपत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"**३क. <u>आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापार नियन्त्रण सम्बन्धी मापदण्डः</u>** (१) नेपाल सरकारले आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) प्रदेश सरकारले दफा ३ बमोजिम आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्दा उपदफा (१) बमोजिम निर्धारित मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।"

(४) दफा ७क. मा रहेका "नेपाल सरकार वादी हुनेछ" भन्ने शब्दहरु पछि "र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ" भन्ने शब्दहरु थपिएका छन्।

(५) दफा ८ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा १० मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारबाट" भन्ने शब्दहरू राखिएका छन्।

११. **<u>ब्रेटन उडस् सम्झौता ऐन, २०१८ मा संशोधनः</u>** ब्रेटन उडस् सम्झौता ऐन, २०१८ को,-

(१) ठाउँ ठाउँमा रहेका "अर्थ मन्त्रीले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको अर्थ मन्त्रीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "संघीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन्।

१२. **अन्तर्राष्ट्रिय विकास एशोसियशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९ मा संशोधनः** अन्तर्राष्ट्रिय विकास एशोसियशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९ को,-

(१) दफा ३ मा रहेका "अर्थ मन्त्रीले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको अर्थ मन्त्रीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "संघीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन्।

१३. **आय टिकट दस्तुर ऐन, २०१९ मा संशोधनः** आय टिकट दस्तुर ऐन, २०१९ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ग) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार तथा नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले जारी गरेको" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५ को उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-

"(२) यो ऐन बमोजिम टाँस्नु पर्ने आय टिकट नपाइएमा वा सो टिकट टाँस्नु पर्ने कागजातमा उपयुक्त स्थानको अभाव भएमा आय टिकट दस्तुर बापत लाग्ने रकम नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले राजश्व संकलनको लागि तोकेको बैकमा राजश्व दाखिल गरी सो को भौचर वा सम्बन्धित कार्यालयमा नगद रकम बुझाई सो को भरपाई आय टिकट टाँस गर्नु पर्ने कागजातसाथ संलग्न गरेको भएमा यस ऐनको प्रयोजनको लागि आय टिकट टाँस गरेको मानिनेछ।

(३) उपदफा (२) बमोजिम आय टिकट बापतको रकम बुझाउन ल्याएमा बैंक वा सम्बन्धित कार्यालयले बुझिलिई त्यसको भरपाई दिनु पर्नेछ र कार्यालयमा नगदै दाखिल भएकोमा आम्दानी बाँधी राजश्व खातामा दाखिल गर्नु पर्नेछ।"

(३) दफा ९ खारेज गरिएको छ।

१४. **कर्मचारी सञ्चयकोष ऐन, २०१९ मा संशोधनः** कर्मचारी सञ्चयकोष ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेका "सो शब्दले" भन्ने शब्दहरु पछि "प्रदेशको सरकारी सेवा, स्थानीय सेवाका कर्मचारी वा" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा १७ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "सङ्घीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन।

१५. **गोरखापत्र संस्थान ऐन, २०१९ मा संशोधनः** गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ३०क. मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

१६. **हुलाक ऐन, २०१९ मा संशोधनः** हुलाक ऐन, २०१९ को दफा ६८क. को उपदफा (३) मा रहेका "सम्बन्धित क्षेत्रीय हुलाक निर्देशनालय रहेको अञ्चलको उच्च अदालतमा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित हुलाक निर्देशनालय रहेको प्रदेशको उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन्।

१७. **राष्ट्रिय समाचार समिति ऐन, २०१९ मा संशोधनः** राष्ट्रिय समाचार समिति ऐन, २०१९ को,-

(१) दफा ३०क. मा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३३क. मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

१८. **साझेदारी ऐन, २०२० मा संशोधनः** साझेदारी ऐन, २०२० को,-

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "सम्बन्धित विभाग" भन्नाले वाणिज्य सम्बन्धी फर्मको विषयको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र सो बाहेकका अन्य उद्योगको विषयका लागि उद्योग विभाग सम्झनु पर्छ र सो शब्दले वाणिज्य सम्बन्धी विषय र घरेलु तथा साना उद्योगको विषयको लागि प्रदेश सरकारको वाणिज्य तथा उद्योग हेर्ने विभाग वा कार्यालयलाई समेत जनाउनेछ।"

(२) दफा ११ख. पछि देहायको दफा ११ग. थपिएको छः-

"११ग. **प्रदेशमा साझेदारीको दर्ताः** प्रदेशस्तरमा साझेदारीको दर्ता, नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

१९. **संक्रामक रोग ऐन, २०२० मा संशोधनः** संक्रामक रोग ऐन, २०२० को दफा २ पछि देहायको दफा २क. थपिएको छः-

"२क. **विशेष व्यवस्था गर्ने प्रदेशको अधिकारः** (१) प्रदेशभर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा प्रदेश सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारबाही गर्न सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिहरुको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेशमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट यात्रा गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता यात्रुलाई कुनै संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल तथा अन्य स्थानमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा यात्रा गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरु जारी गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ बमोजिम नेपाल सरकारले आदेश जारी गरिसकेको अवस्थामा प्रदेश सरकारले यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश प्रदेश सरकारले समेत कार्यान्वयन गर्नेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले आदेश जारी गरेको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ।"

२०. **अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२ मा संशोधनः** अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२ को,-

(१) दफा ३ मा रहेका "अर्थ मन्त्रीले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको अर्थ मन्त्रीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४ मा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "सङ्घीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन्।

२१. **खाद्य ऐन, २०२३ मा संशोधनः** खाद्य ऐन, २०२३ को दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"**९क. अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) कसैले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम तोकिएको गुण, स्तर, मात्रा वा परिधि भन्दा न्यून गुण, स्तर, मात्रा वा परिधिको वा दुषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थलाई ढाँटी झुक्याई बिक्री वितरण गरे गराएको विषयमा प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा कसैले यस ऐन विपरीत कुनै काम गरेको पाइएमा प्रदेश सरकार वा स्थानीय तहबाट अनुगमन वा निरीक्षणमा खटिएको अधिकृत वा निरीक्षकले यस ऐनको दफा ४क. र दफा ८ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ। त्यसको जानकारी अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसै उपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा उपदफा (२) बमोजिमको अधिकारीले यस ऐन बमोजिम अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ।"

२२. **होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ मा संशोधनः** होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा ८ मा रहेका "नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकिए बमोजिमका होटल, पसल वा क्षेत्रमा आवश्यकता अनुसार नेपाल राजपत्र, प्रदेश राजपत्र वा स्थानीय राजपत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

२३. **ऋण तथा जमानत ऐन, २०२५ मा संशोधनः** ऋण तथा जमानत ऐन, २०२५ को दफा ६ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

२४. **चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधनः** चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को,–

(१) दफा ४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीबाट इजाजतपत्र नलिई कसैले चलचित्र घर निर्माण गर्नु हुदैन।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम इजजतपत्र लिएपछि चलचित्र घर निर्माण गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट नक्शा स्वीकृति लिनु पर्नेछ।"

(ग) उपदफा (३) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन।

(२) दफा ५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

**"१०. टिकट दर र श्रेणीः** चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र टिकट दर सम्बन्धित प्रदेशले निर्धारण गरे बमोजिम हुनेछ।"

(४) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

नेपाल कानून आयोग

"११. **नेपाल सरकार र प्रदेश सरकारको अधिकारः** (१) नेपालको सुरक्षा वा सार्वजनिक शान्ति वा व्यवस्थाको निमित्त आवश्यक देखेमा नेपाल सरकारले नेपालभर र प्रदेश सरकारले प्रदेशभर कुनै चलचित्रको प्रदर्शन बन्द गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिनु अगावै सम्बन्धित व्यक्तिलाई आफ्नो भनाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन अन्तर्गत आफूलाई प्राप्त भएको अधिकार दफा १०क. बमोजिम गठित बोर्ड, समिति वा कुनै अधिकारीलाई सुम्पन सक्नेछ।"

२५. **जाँचबुझ आयोग ऐन, २०२६ मा संशोधनः** जाँचबुझ आयोग ऐन, २०२६ को,-

(१) दफा ३ को,-

(क) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले जाँचबुझ आयोग गठन गरिसकेको विषयमा प्रदेश सरकारले जाँचबुझ आयोग गठन गर्न सक्ने छैन्।"

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) नेपाल सरकारले आयोग गठन गरेको सूचना नेपाल राजपत्रमा र प्रदेश सरकारले आयोग गठन गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नेछ।"

(२) दफा ४ को उपदफा (२) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "त्यस्तो आयोग गठन गर्ने नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ७ को उपदफा (२) मा रहेका "नेपाल राजपत्रमा" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारले गठन गरेको आयोगको हकमा नेपाल राजपत्र र प्रदेश सरकारले गठन गरेको आयोगको हकमा प्रदेश राजपत्रमा" भन्ने शब्दहरू राखिएका छन्।

२६. **सञ्चार संस्थान ऐन, २०२८ मा संशोधनः** सञ्चार संस्थान ऐन, २०२८ को,-

(१) दफा ३१ मा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३६ को उपदफा (२) मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

२७. **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधनः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २० मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

२८. **चन्दा ऐन, २०३० मा संशोधनः** चन्दा ऐन, २०३० को,-

(१) दफा ३ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "कुनै अञ्चलस्तरीय समितिबाट" भन्ने शब्दहरूको सट्टा "कुनै प्रदेशस्तरीय समितिबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४ को उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा" भन्ने शब्दहरू पछि "र प्रदेश सरकारले प्रदेश राजपत्रमा" भन्ने शब्दहरु थपि सोही उपदफामा रहेका "बढीमा एघार सदस्यहरु" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले बढीमा एघार सदस्य र प्रदेश सरकारले बढीमा सात सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ५ मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ७ को उपदफा (७) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ८ को उपदफा (२) झिकिएको छ।

(६) दफा ९ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रदेश सरकारबाट गठित समितिबाट उठेको चन्दा रकमलाई रकमान्तर गर्नु परेमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।"

(७) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"**१२. नेपाल सरकार वा प्रदेश सरकारले निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) प्रदेश सरकारबाट गठित समितिलाई प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको निर्देशन पालन गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।"

२९. **सार्वजनिक सडक ऐन, २०३१ मा संशोधनः** सार्वजनिक सडक ऐन, २०३१ को,-

(१) दफा ३क. पछि देहायको दफा ३ख. थपिएको छः -

"**३ख. <u>सडकको वर्गीकरणः</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सडकलाई देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछः-

(क) राष्ट्रिय लोक मार्ग,

(ख) प्रदेश लोक मार्ग,

(ग) स्थानीय सडक,

(घ) ग्रामीण सडक,

(ङ) शहरी सडक,

(च) कृषि सडक, र

(छ) तोकिए बमोजिमका अन्य सडक।

(२) दफा १६ को ठाउँ ठाउँमा रहेका "सडक विभाग" भन्ने शब्दहरुको सट्टा "सडक विभाग, सम्बन्धित प्रदेश सरकार, गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १८ को ठाउँ ठाउँमा रहेका "सडक विभाग" भन्ने शब्दहरुको सट्टा "सडक विभाग, सम्बन्धित प्रदेश सरकार, गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २१ को,-

(क) दफा शीर्षकमा रहेका "सडक विभागले" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "सडक विभाग" र "सो विभागले" भन्ने शब्दहरुको सट्टा क्रमशः "सडक विभाग, सम्बन्धित प्रदेश सरकार, गाउँपालिका वा नगरपालिका" र "त्यस्तो विभाग, सरकार, गाउँपालिका वा नगरपालिकाले" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २७ मा रहेका "सडक विभाग" भन्ने शब्दहरुको सट्टा "सडक विभाग वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

**३०. <u>कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः</u>** कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ४ को ठाउँ ठाउँमा रहेका "अञ्चल" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द राखिएको छ।

**३१. <u>दाना पदार्थ ऐन, २०३३ मा संशोधनः</u>** दाना पदार्थ ऐन, २०३३ को,-

(१) दफा ५ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार र प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १२ पछि देहायको दफा १२क. थपिएको छः–

"**१२क. <u>अनुगमन तथा निरीक्षण गर्न सक्ने</u>**: (१) दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैंठारी वा सञ्चय गर्दा यस ऐन बमोजिमको स्तर कायम गरे नगरेको समेतका विषयमा प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा कसैले यस ऐन विपरीत कुनै काम गरेको पाइएमा प्रदेश सरकार वा स्थानीय तहबाट अनुगमन वा निरीक्षणमा खटिएको दाना निरीक्षकले यस ऐनको दफा ६ र ११ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ। त्यसको जानकारी अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसै उपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा दाना निरीक्षकले यस ऐन बमोजिम अनुसन्धान गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ।"

३२. **<u>विनिमेय अधिकारपत्र ऐन, २०३४ मा संशोधन</u>**: विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (च) मा रहेका "मुलुकी ऐन लेनदेन व्यवहारको महल" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी (संहिता) ऐन, २०७४ को भाग ४ को परिच्छेद-१५" भन्ने शब्दहरु राखिएका छन्।

३३. **<u>जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधन</u>**: जग्गा प्राप्ति ऐन, २०३४ को,-

(१) दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"**३क. <u>प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलब्ध गराइदिनु पर्ने</u>**: प्रदेश वा स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ।"

(३) दफा ४ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश सरकारको पूर्ण स्वामित्व भएका संस्थासँग सम्बन्धित परियोजना सञ्चालन गर्न वा त्यस्तो संस्थाको कारोबारसँग सम्बन्धित वा त्यस्तो संस्थाले उत्पादन गरेको कुनै मालवस्तु सञ्चय गर्नको लागि गोदाम घर निर्माण गर्न यस

ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन त्यस्तो संस्थाले प्रदेश सरकार समक्ष अनुरोध गरेमा प्रदेश सरकारले त्यस्तो जग्गा प्राप्त गराइ दिन नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ। त्यसरी अनुरोध प्राप्त भएमा नेपाल सरकारले त्यस्तो संस्थालाई जग्गा प्राप्त गराइ दिने गरी निर्णय गर्न सक्नेछ।"

(ख) उपदफा (२) र (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क)" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ५ को उपदफा (१) मा रहेका "दफा ३ वा ४" भन्ने शब्दहरुको सट्टा "दफा ३, ३क. वा ४" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी वा राजपत्राङ्कित कर्मचारी" भन्ने शब्दहरुको सट्टा "राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तरको कर्मचारी वा राजपत्राङ्कित वा अधिकृतस्तरको कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा १६ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १७ मा रहेका "नेपाल सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ३३ मा रहेको "नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको लागि" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरु राखि सोही दफामा रहेको "नेपाल सरकारले" भन्ने शव्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शव्दहरु राखिएका छन्।

(८) दफा ३४ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाले" भन्ने शब्दहरुको सट्टा " नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्थाले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ३८ पछि देहायको ३८क. थपिएको छः-

"३८क. **नेपाल सरकारको स्वामित्व रहनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको निर्णयबाट प्रदेश सरकार वा स्थानीय तहको लागि जग्गा प्राप्ति भएकोमा त्यस्तो जग्गाको स्वामित्व नेपाल सरकारमा रहनेछ।"

(१०) दफा २ को खण्ड (ख) र दफा १९ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखी रुपान्तरण गरिएको छ।

३४. **पर्यटन ऐन, २०३५ मा संशोधनः** पर्यटन ऐन, २०३५ को,-

(१) दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"७क. **प्रदेशमा ट्राभेल तथा ट्रेकिङ एजेन्सीको इजाजत, अनुमति र नविकरणः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट इजाजतपत्र लिई यस ऐन बमोजिम ट्राभेल वा ट्रेकिङ एजेन्सीको काम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम ट्राभेल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र लिन चाहने व्यक्तिलाई इजाजतपत्र दिने, नविकरण गर्ने, निलम्बन गर्ने, खारेज गर्ने सम्बन्धमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नेपाल सरकारलाई भएको अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ।"

(२) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"१४क. **प्रदेशमा पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार दर्ता गराउन सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत बनेको नियमावलीमा वर्गीकरण भएकामध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार प्रदेश सरकारले दर्ता गर्न सक्नेछ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम दर्ता भएका पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण तथा परीक्षण सम्बन्धमा नेपाल सरकारलाई प्राप्त अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ।"

(३) दफा ४५ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ४७ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकार र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ४९ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकार समक्ष र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ५० मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकार समक्ष र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ५१ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकारले र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ५२ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकारले र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छ:-

"**५३. अधिकार प्रत्यायोजन गर्न सक्ने:** (१) यो ऐन बमोजिम नेपाल सरकारलाई प्राप्त कुनै अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त कुनै अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।"

३५. **औषधि ऐन, २०३५ मा संशोधनः** औषधि ऐन, २०३५ को,–

(१) दफा २ को खण्ड (झ) मा रहेको "विभाग" भन्ने शब्द पछि "वा प्रदेश सरकार" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"**२०क. प्रदेश सरकारबाट खटिएको निरीक्षकले जाँचबुझ र निरीक्षण गर्न सक्नेः** (१) प्रदेश सरकारबाट खटिएको निरीक्षकले कुनै औषधिको उत्पादन, गुणस्तर, सञ्चय, बिक्री वितरण वा परिबहन भईरहेको कुनै ठाउँको जाँचबुझ, निरीक्षण र खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिने निरीक्षकले निरीक्षण गर्दा औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको वा यस ऐन विपरीत बिक्री वितरण गरेको पाईएमा व्यवस्थापक समक्ष प्रतिवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि यस ऐन बमोजिम कसै उपर मुद्दा चलाउनु पर्ने अवस्था भएमा व्यवस्थापकले मुद्दा तहकिकात गर्ने अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(३) दफा ३९ मा रहेको "निरीक्षकले" भन्ने शब्दहरुको सट्टा "विभागले खटाएको निरीक्षकले" भन्ने शब्दहरु राखिएका छन्।

३६. **राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा संशोधनः** राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १८ मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

३७. **नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन,२०३९ मा संशोधनः** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को,-

(१) दफा ५ को खण्ड (क) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ७ को उपदफा (१) को खण्ड (क), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ङ) र (च) राखिएका छन्:-

"(क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री -अध्यक्ष

(ङ) मुख्य सचिव, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य"

(३) दफा ९ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएका छनः-

"(ख) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय-सदस्य"

(४) दफा २३ मा रहेका "सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

३८. **<u>लुम्बिनी विकास कोष ऐन, २०४२ मा संशोधनः</u>** लुम्बिनी विकास कोष ऐन, २०४२ को,—

(१) दफा ८ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्री - अध्यक्ष"

(२) दफा १७ मा रहेको "युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

३९. **<u>पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ मा संशोधनः</u>** पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को,-

(१) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.६ र ८.२.७ को सट्टा देहायका खण्ड ८.२.६ र ८.२.७ राखिएका छनः-

"८.२.६.सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

८.२.७ सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसदस्य"

(२) दफा २२ मा रहेका "युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

४०. **<u>बीउबिजन ऐन, २०४५ मा संशोधनः</u>** बीउबिजन ऐन, २०४५ को,-

(१) दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.१ को सट्टा देहायको खण्ड ३.२.१ राखिएको छः-

"३.२.१ सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अध्यक्ष"

(२) दफा १६ को,—

(क) उपदफा १६.२ मा रहेका "कुनै निजामती कर्मचारी" भन्ने शब्दहरुको सट्टा "आफू मातहतका कुनै कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १७क. को उपदफा १७क.१ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

४१. <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ मा संशोधनः</u> प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन,२०४५ को,-

(१) दफा २क. को उपदफा २क.१ को खण्ड २क.१.१, २क.१.५, २क.१.६, २क.१.७ र २क.१.८ को सट्टा देहायका खण्ड २क.१.१, २क.१.५, २क.१.६, २क.१.७ र २क.१.८ राखिएका छन्ः-

"२क.१.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्य मन्त्री -अध्यक्ष

२क.१.५ सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

२क.१.६ सचिव, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय-सदस्य

२क.१.७ सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

२क.१.८ सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य"

(२) दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.१ र ३.२.४ को सट्टा देहायका खण्ड ३.२.१ र ३.२.४ राखिएका छन्ः-

"३.२.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

३.२.४ सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(३) दफा १४ मा रहेको "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १६ मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

४२. **<u>अभिलेख संरक्षण ऐन, २०४६ मा संशोधनः</u>** अभिलेख संरक्षण ऐन, २०४६ को,-

(१) दफा २ को खण्ड २.१.४ मा रहेका "सो शब्दले संवैधानिक अंग र नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "सो शब्दले संवैधानिक अंग, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय र नेपाल सरकारबाट" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

"**११क. <u>प्रदेश र स्थानीय तहले अभिलेखको संरक्षण तथा व्यवस्थापन गर्न सक्नेः</u>** (१) प्रदेश र स्थानीय तहले आफ्ना अभिलेखहरुको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछन्।

(२) उपदफा (१) बमोजिम अभिलेखहरुको संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

४३. **<u>सार्वजनिक सुरक्षा ऐन, २०४६ मा संशोधनः</u>** सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४ को उपदफा ४.१ मा रहेका "गृह मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, गृह मन्त्रालय र प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

४४. **<u>नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ मा संशोधनः</u>** नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य"

(२) दफा १९ मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य तथा जनसंख्या मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४५. **<u>नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मा संशोधनः</u>** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को,-

(१) दफा ६ को उपदफा (१) को खण्ड (ग), (ङ) र (च) को सट्टा देहायका खण्ड (ग), (ङ) र (च) राखिएका छन्:-

"(ग) सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय-सदस्य

(ङ) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-सदस्य"

(२) दफा ७ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सहसचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -सदस्य"

(३) दफा १७ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा " कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन।

४६. **<u>राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ मा संशोधनः</u>** राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (१) र (२) को सट्टा देहायका खण्ड (१) र (२) राखिएका छनः-

"(१) कृषि तथा पशुपंक्षी विकास मन्त्री -अध्यक्ष

(२) कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको सचिव -उपाध्यक्ष"

(२) दफा १७ मा रहेका "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४७. **<u>नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ मा संशोधन</u>:** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को,-

(१) दफा २५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्रज्ञा-प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।"

(२) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "वातावरण, विज्ञान तथा प्रविधि मन्त्री" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री"

(ख) "वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।"

४८. **<u>प्रेस काउन्सिल ऐन,२०४८ मा संशोधन</u>:** प्रेस काउन्सिल ऐन,२०४८ को ठाँउ ठाँउमा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४९. **<u>जलस्रोत ऐन, २०४९ मा संशोधन</u>:** जलस्रोत ऐन, २०४९ को दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"**१०क. <u>प्रदेश तथा स्थानीय तहले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने</u>:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका स्तर, क्षमता वा परिमाणका खानेपानी, जलविद्युत, सिंचाई लगायत जलस्रोतको सम्बन्धमा प्रदेश वा स्थानीय तहले कानून बनाई त्यस्तो कानून बमोजिम जलस्रोतको उपयोग वा विकास गर्न सक्नेछन्।"

५०. **<u>राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ मा संशोधन</u>:** राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को,-

(१) दफा ८ को उपदफा (१) को खण्ड (क), (च) र (ज) को सट्टा देहायका खण्ड (क),(च) र (ज) राखिएका छन्ः-

"(क) कृषि तथा पशुपंक्षी विकास मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(च) सहसचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -सदस्य

(ज) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य"

(२) दफा १७ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

**५१. <u>राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ मा संशोधनः</u>** राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (क), (च), (ज), (झ) र (ड) को सट्टा देहायका खण्ड (क), (च), (ज), (झ) र (ड) राखी खण्ड (छ) झिकिएको छः-

"(क) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ज) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य

(झ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ड) सात प्रदेशका सहकारी वा सामाजिक कार्यकर्ताहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनीत सातजना -सदस्य"

(२) दफा १८ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

**५२. <u>समाज कल्याण ऐन, २०४९ मा संशोधनः</u>** समाज कल्याण ऐन, २०४९ को,-

(१) दफा ५ को उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "समाज कल्याणको काम हेर्ने मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरुको सट्टा "मन्त्री, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ञ) मा रहेका "प्रतिनिधि, स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ठ) मा रहेका "प्रतिनिधि, स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(घ) खण्ड (ड) मा रहेका "प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २३ को उपदफा (१) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २५ मा रहेका "सम्बन्धित मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

**५३.** **<u>आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ मा संशोधन</u>:** आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को,-

(१) दफा २ को खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

"(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।"

(२) दफा ४ को उपदफा (२) को खण्ड (क), (ख), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ख), (ङ) र (च) राखी खण्ड (ग) र (घ) झिकिएका छन्:

"(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

**५४.** **<u>वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन</u>:** वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (ज) र (झ) को सट्टा देहायका खण्ड (ज) र (झ) राखिएका छन्ः-

"(ज) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय-सदस्य

(झ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-सदस्य”

(२) दफा १० को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

“(ग) प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय-सदस्य”

(३) दफा २२ मा रहेका “स्वास्थ्य मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “स्वास्थ्य तथा जनसंख्या मन्त्रालय” भन्ने शब्दहरु राखिएका छन्।

**५५. <u>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधनः</u>** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को,-

(१) दफा ९ को उपदफा (१) मा रहेका "नेपाल सरकारको स्वामित्व भएको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

**५६. <u>नेपाल स्काउट ऐन, २०५० मा संशोधनः</u>** नेपाल स्काउट ऐन, २०५० को,-

(१) दफा २ को खण्ड (ख१) को सट्टा देहायको खण्ड (ख१) राखिएको छः-

"(ख१) "प्रदेश परिषद्" भन्नाले दफा ९क. बमोजिमको प्रदेश परिषद् सम्झनु पर्छ।"

(२) दफा ६ को खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छः-

"(क१) प्रदेश परिषद्,"

(३) दफा ७ को उपदफा (२) को खण्ड (ग), (ठ) र (ड) को सट्टा देहायका खण्ड (ग), (ठ) र (ड) राखिएका छन्ः-

"(ग) संघीय संसदका सदस्यहरुमध्येबाट तीनजना -सदस्य

(ठ) प्रत्येक प्रदेशबाट दुईजना महिला र दुईजना पुरुषको प्रतिनिधित्व हुने गरी सम्बन्धित प्रदेशका नेपाल स्काउटका राष्ट्रियस्तरका तालीमप्राप्त दलका सदस्यहरुले आफूमध्येबाट निर्वाचन गरी पठाएका अट्ठाईसजना - सदस्य

(ड) नेपाल स्काउटका प्रदेश तहका सदस्यहरुले आ-आफ्नो प्रदेशबाट चारजनाका दरले प्रतिनिधित्व हुने गरी आफूहरुमध्येबाट निर्वाचन गरी पठाएका अट्ठाईसजना - सदस्य"

(४) दफा ९क. को सट्टा देहायको दफा ९क. राखिएकोछः-

"९क. **<u>प्रदेश परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार</u>ः** प्रदेश परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

(५) दफा १० को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरुबाट सबै प्रदेशको प्रतिनिधित्व हुने गरी सातजना -सदस्य"

(६) दफा १८क. को उपदफा (२) मा रहेका "क्षेत्रीय परिषद्" भन्ने शब्दहरुको सट्टा "प्रदेश परिषद्" भन्ने शब्दहरु राखिएका छन्।

(७) ऐनको ठाउँ ठाउँमा रहेका "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "युवा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

५७. **<u>निजीकरण ऐन, २०५० मा संशोधन</u>ः** निजीकरण ऐन, २०५० को,-

(१) दफा ३ को उपदफा (२) को खण्ड (छ) मा रहेका "श्रम मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाँउ ठाँउमा रहेका "अर्थ समिति (व्यवस्थापिका-संसद)" भन्ने शब्दहरुको सट्टा "अर्थ समिति (प्रतिनिधि सभा)" भन्ने शब्दहरु राखिएका छन्।

५८. **<u>श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा संशोधन</u>ः** श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्ः-

"(ख) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य"

५९. **<u>नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ मा संशोधन</u>ः** नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा ५ को उपदफा (१) को खण्ड (झ) मा रहेका "क्षेत्रीय स्वास्थ्य निर्देशनालय" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकारको स्वास्थ्य निर्देशनालय" भन्ने शब्दहरू राखिएका छन्।

६०. **<u>नेपाल नागरिक उडड्यन प्राधिकरण ऐन, २०५३ मा संशोधन</u>ः** नेपाल नागरिक उडड्यन प्राधिकरण ऐन, २०५३ को,-

नेपाल कानून आयोग

(१) दफा १३ को उपदफा (१) को खण्ड (क) मा रहेका "पर्यटन तथा नागरिक उड्डयन" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

६१. <u>दूरसञ्चार ऐन, २०५३ मा संशोधन</u>: दूरसञ्चार ऐन, २०५३ को,-

(१) दफा १० को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) निजको उमेर पैसट्ठी वर्ष पूरा भएमा"

(२) दफा ४९ को उपदफा (१) को खण्ड (क), (घ) र (ङ) को सट्टा देहायका खण्ड (क), (घ) र (ङ) राखिएका छनः-

"(क) सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(घ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ङ) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय-सदस्य"

(३) दफा ५१ मा रहेका "सूचना तथा सञ्चार मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ५८ मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६२. <u>नेपाल चाटर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ मा संशोधन</u>: नेपाल चाटर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को,-

(१) दफा १५क. को उपदफा (२) को खण्ड (ग), (च) र (छ) को सट्टा देहायका "खण्ड (ग), (च) र (छ)" राखिएका छन्:-

"(ग) प्रतिनिधि, महालेखापरीक्षकको कार्यालय -सदस्य

(च) महानिर्देशक, आन्तरिक राजस्व विभाग -सदस्य

(छ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड - सदस्य"

(२) दफा १५घ. को उपदफा (२) को खण्ड (ग) मा रहेका "महालेखा परीक्षकको विभाग" भन्ने शब्दहरूको सट्टा "महालेखा परीक्षकको कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

६३. **अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ मा संशोधनः** अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ को ठाँउ ठाउँमा रहेका "कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरुको सट्टा" कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६४. **बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ मा संशोधनः** बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ को,-

(१) दफा ६ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य"

(२) दफा २४ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

६५. **पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा संशोधनः** पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को,-

(१) दफा २ को खण्ड (ट) मा रहेको "जिल्ला" भन्ने शब्द झिकिएको छ।

(२) दफा २५ पछि देहायको दफा २५क. थपिएको छः-

"२५क. **प्रदेश तथा स्थानीय तहले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य गर्न सक्नेः** (१) प्रदेश तथा स्थानीय तहले पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित गर्न किसानलाई पशु स्वास्थ्य तथा पशु सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश र स्थानीय तहले पशु स्वास्थ्य तथा पशु सेवा उपलब्ध गराउँदा यस ऐन बमोजिमको मापदण्डको अधीनमा रही उपलब्ध गराउनु पर्नेछ।"

६६. **वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ मा संशोधनः** वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा २४ को उपदफा (१) को खण्ड (क) मा रहेका "नेपाल सरकार" भन्ने शव्दहरु पछि ",प्रदेश सरकार" भन्ने शब्दहरु थपिएका छन्।

६७. **नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ मा संशोधनः** नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २८ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६८. **पशु वधशाला र मासु जाँच ऐन, २०५५ मा संशोधनः** पशु वधशाला र मासु जाँच ऐन, २०५५ को,-

(१) दफा ४ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ६ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ७ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) झिकिएको छ।

(४) दफा १८ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २० को उपदफा (१) मा रहेका "मासु निरीक्षकले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले नियुक्त गरेको मासु निरीक्षकले" भन्ने शब्दहरु राखिएका छन्।

६९. **<u>नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ मा संशोधनः</u>** नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ को दफा ३६ मा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

७०. **<u>निर्माण व्यवसाय ऐन, २०५५ मा संशोधनः</u>** निर्माण व्यवसाय ऐन, २०५५ को,-

(१) दफा १३ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्री -अध्यक्ष"

(२) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "निर्माण तथा यातायात मन्त्रालय" को सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।"

(ख) "जलस्रोत मन्त्रालय" को सट्टा "ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय।"

(ग) "आवास तथा भौतिक योजना मन्त्रालय" को सट्टा "सहरी विकास मन्त्रालय।"

७१. **<u>शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ मा संशोधन</u>**: शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (क) मा रहेका “स्वास्थ्य मन्त्री वा राज्यमन्त्री” भन्ने शब्दहरूको सट्टा “स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वा राज्यमन्त्री” भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका “स्वास्थ्य मन्त्रालय” भन्ने शब्दहरूको सट्टा “स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय” भन्ने शब्दहरू राखिएका छन्।

नेपाल कानून आयोग

७२. **<u>नेपाल फार्मेसी परिषद् ऐन, २०५७ मा संशोधनः</u>** नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ३५ मा रहेका "स्वास्थ्य मन्त्रालयको" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

७३. **<u>आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा संशोधनः</u>** आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७ को खण्ड (ड) मा रहेका "प्रत्येक विकासक्षेत्रबाट दुई दुईजनाको दरले नेपाल सरकारद्वारा मनोनीत दशजना" भन्ने शब्दहरुको सट्टा "प्रत्येक प्रदेशबाट दुई दुईजनाको दरले नेपाल सरकारद्वारा मनोनीत चौधजना" भन्ने शब्दहरु राखिएका छन्।

७४. **<u>सडक बोर्ड ऐन, २०५८ मा संशोधनः</u>** सडक बोर्ड ऐन, २०५८ को ठाउँ ठाउँमा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएका छन्।

७५. **<u>प्रतिलिपि अधिकार ऐन, २०५९ मा संशोधनः</u>** प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ४० को सट्टा देहायको दफा ४० राखिएकोछः-

"४०. **<u>नेपाल सरकार र प्रदेश सरकारको प्रतिलिपि अधिकारः</u>** (१) नेपाल सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार नेपाल सरकार र प्रदेश सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार प्रदेश सरकारलाई हुनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले उपदफा (१) बमोजिम प्राप्त अधिकार कुनै व्यक्ति वा संस्थालाई बहालमा दिन वा बिक्री गर्न वा अन्य कुनै प्रकारले प्रयोग गर्न अनुमति दिन सक्नेछ।"

७६. **<u>नोटरी पब्लिक परिषद् ऐन, २०६३ मा संशोधनः</u>** नोटरी पब्लिक परिषद् ऐन, २०६३ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन्ः-

"(ङ) सचिव, नेपाल कानून आयोग -सदस्य

(च) सचिव, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय-सदस्य"

७७. **<u>पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ मा संशोधनः</u>** पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा ४५ पछि देहायको दफा ४५क. थपिएको छः-

"४५क. **<u>प्रदेशले परियोजना कार्यान्वयन गर्न सक्नेः</u>** प्रदेश सरकारले यस ऐनमा अन्तरनिहित मान्यताको प्रतिकुल नहुने गरी आवश्यक कानून बनाई दफा ३ बमोजिमको तरिका अपनाई निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सक्नेछ।"

७८. **<u>नेपाल कानून आयोग ऐन, २०६३ मा संशोधनः</u>** नेपाल कानून आयोग ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ;-

"(ख) सभापति, कानून तथा मानव अधिकार समिति, प्रतिनिधिसभा -सदस्य"

(२) दफा ९ मा रहेका "व्यस्थापिका-संसदको विधायन समितिका" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि सभा, कानून तथा मानव अधिकार समितिका" भन्ने शब्दहरु राखिएका छन्।

७९. **चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधनः** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य"

(२) दफा ९ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रतिनिधि, (कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य"

८०. **सैनिक ऐन, २०६३ मा संशोधनः** सैनिक ऐन, २०६३ को,-

(१) दफा १० को उपदफा (२) मा रहेका "व्यवस्थापिका-संसदमा प्रस्तुत गरी राज्य व्यवस्था समितिमा छलफल गराइनेछ" भन्ने शब्दहरूको सट्टा "संघीय संसदको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल गराइनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३३ मा रहेका "प्रतिनिधिसभा राज्य व्यवस्था समितिलाई" भन्ने शब्दहरूको सट्टा "संघीय संसदको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिलाई" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ६२ को ठाउँ ठाउँमा रहेका ",यातना र बेपत्ता" भन्ने शब्दहरू झिकिएका छन्।

(४) दफा ६६ को उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्।

"(ग) यातना

(घ) बेपत्ता।"

(५) दफा ८४ को उपदफा (१) को खण्ड (क) र (ख) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ।

(६) दफा १०१ को उपदफा (२) को खण्ड (ठ) को ठाउँ ठाउँमा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ।

(७) "दफा १३५ पछि देहायको दफा १३५क. थपिएको छः-

"**१३५क. उपयोग गर्न सकिनेः** नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण तथा विपद् व्यवस्थापनका कार्यमा समेत उपयोग गर्न सक्नेछ।"

८१. **<u>कम्पनी ऐन, २०६३ को दफा ९ मा संशोधनः</u>** कम्पनी ऐन, २०६३ को दफा ९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालित यातायात व्यवसायी समितिमा आबद्ध यातायात व्यवसायीहरू मिली प्राईभेट कम्पनी संस्थापना गरी यातायात व्यवसाय सञ्चालन गर्न यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र निवेदन दिएमा उपदफा (१) मा लेखिएभन्दा बढी शेयर धनी सङ्ख्या भए पनि त्यस्तो प्राईभेट कम्पनी दर्ता गर्न बाधा पर्ने छैन।"

८२. **<u>सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधनः</u>** सार्वजनिक खरिद ऐन, २०६३ को,-

(१) दफा २ को खण्ड (ख) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) प्रदेश सरकार र स्थानीय तहले यस ऐन बमोजिम आफ्नो खरिद कारबाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्यांकन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने सम्बन्धमा दफा ४१ को उपदफा (२) बमोजिम रहने समिति तथा भेरिएसन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा यस ऐन तथा खरिद सम्बन्धी मान्य सिद्धान्तको प्रतिकुल नहुने गरी नियमहरू बनाउन सक्नेछ।"

८३. **<u>बिरुवा संरक्षण ऐन,२०६४ मा संशोधनः</u>** बिरुवा संरक्षण ऐन, २०६४ को दफा ३ को उपदफा (२) को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएका छनः-

"(क) सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय-अध्यक्ष

(ग) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य"

८४. **<u>व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ मा संशोधनः</u>** व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को,

(१) दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सभामुख -सभापति

(ख) राष्ट्रिय सभाको अध्यक्ष -सदस्य

(ग) उपसभामुख -सदस्य

(घ) राष्ट्रिय सभाको उपाध्यक्ष -सदस्य

(ङ) महासचिव -सदस्य

(च) प्रतिनिधि सभाको सचिव -सदस्य

(छ) राष्ट्रिय सभाको सचिव -सदस्य

(ज) सचिवालय सचिव (संसदीय अध्ययन तथा अनुसन्धान) -सदस्य

(झ) सचिवालय सचिव (प्रशासन) -सदस्य सचिव

(२) दफा २७ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सचिवमध्येबाट सभामुखले तोकेको सचिव-सदस्य"

(३) दफा ३५ को उपदफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सचिवमध्येबाट सभामुखले तोकेको सचिव-सदस्य"

(४) लामो शीर्षक, प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ लगायत ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद सचिवालय" भन्ने शब्दहरुको सट्टा "संघीय संसद सचिवालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

(५) लामो शीर्षक, प्रस्तावना तथा ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

८५. **मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधनः** मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को,-

(१) दफा १३ को,-

(क) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ।

(१ख) नेपाल सरकारले स्थापना गरेका पुनर्स्थापना केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ।"

(२) दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा १३ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका पुनर्स्थापना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो

श्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम पुनर्स्थापना कोष स्थापना गर्न सक्नेछन्।"

८६. **सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा संशोधनः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ को,-

(१) दफा २ को खण्ड (क) को,-

(क) उपखण्ड (३) पछि देहायका उपखण्ड (३क) र (३ख) थपिएका छन्:-

"(३क) प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्धारा गठित निकाय,

(३ख) स्थानीय तह वा त्यसका कार्यालयहरु,"

(ख) उपखण्ड (८) पछि देहायको उपखण्ड (८क), (८ख) र (८ग) थपिएका छन्:-

"(८क) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था,

(८ख) प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(८ग) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/ संस्थाहरु,"

(२) दफा ११ को उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री- सदस्य"

(३) दफा २६ मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

८७. **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधनः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को,-

(१) दफा ३ को,-

(क) उपदफा (१) मा रहेका "क्षेत्रीय स्तर, अञ्चल स्तर," भन्ने शब्दहरूको सट्टा "प्रदेशस्तर" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (२) मा रहेका "क्षेत्र, अञ्चल र" भन्ने शब्दहरूको सट्टा "प्रदेश र" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश सरकार, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्नो प्रशासनिक कार्य सम्पादन गर्दा उपदफा (१) मा उल्लिखित नेपाल सरकारले अख्तियार गरेका नीतिको अधीनमा रही आवश्यक नीतिहरू अख्तियार गर्नेछन्।"

(ख) उपदफा (२) मा रहेका "नीतिलाई कार्यान्वयन गर्न नेपाल सरकारले" भन्ने शब्दहरु पछि "र उपदफा (१क) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकार, गाँउ कार्यपालिका वा नगर कार्यपालिकाले" भन्ने शब्दहरू थपिएका छन्।

(३) दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"**१३क. <u>प्रदेश र स्थानीय तहको प्रशासनिक कार्य सञ्चालन तथा जिम्मेवारीः</u>** प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने प्रशासनिक कार्य र जिम्मेवारी तथा प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा प्रदेश वा स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

(४) दफा ३० को उपदफा (१) मा रहेका "क्षेत्रीय, अञ्चल," भन्ने शब्दहरूको सट्टा "प्रदेश," भन्ने शब्द राखिएको छ।

(५) दफा ३८ को उपदफा (२) मा रहेका "क्षेत्रीय, अञ्चल," भन्ने शब्दहरूको सट्टा "प्रदेश" भन्ने शब्द राखिएको छ।

(६) दफा ४१ को उपदफा (३) मा रहेका "प्रगति सम्बन्धी प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष" भन्ने शब्दहरूको सट्टा "प्रगति सम्बन्धमा नेपालको संविधानको धारा ५३ बमोजिमको प्रतिवेदनमा समावेश गरी संघीय संसद समक्ष" भन्ने शब्दहरू राखिएका छन्।

८८. <u>पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधन</u>: पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को,-

(१) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (झ) मा रहेका "शिक्षा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ढ) मा रहेका "ललितपुर उपमहानगरपालिका" भन्ने शब्दहरूको सट्टा "ललितपुर महानगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३३ को उपदफा (१) मा रहेका "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(३) दफा ३४ को उपदफा (१) मा रहेका "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू र "प्रविणता प्रमाणपत्र तह" भन्ने शब्दहरू पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(४) दफा ३५ को उपदफा (१) को स्पष्टीकरण खण्डमा रहेका “प्रवेशिका” भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपी सोही उपदफामा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरूको सट्टा “गाउँपालिका” भन्ने शब्दहरू राखिएका छन्।

८९. **<u>विभूषण ऐन, २०६४ मा संशोधन</u>:** विभूषण ऐन, २०६४ को,-

(१) दफा ५ को,-

(क) उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) प्रदेश सरकारसँग सम्बन्धित पदाधिकारी र कर्मचारी तथा प्रदेश सरकारसँग सम्बन्धित तर सरकारी सेवामा नरहेका कुनै व्यक्तिको हकमा सम्बन्धित प्रदेशको मुख्य मन्त्रीले,"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) स्थानीय तहसँग सम्बन्धित कुनै पदाधिकारी, कर्मचारी वा महानुभावले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्तो पदाधिकारी वा कर्मचारी वा महानुभावले पुऱ्याएको योगदानको विवरण सहित सम्बन्धित स्थानीय तहले नेपाल सरकारको गृह मन्त्रालय समक्ष पठाउनु पर्नेछ र यसरी प्राप्त भएका विवरण समेतको आधारमा उपयुक्त व्यक्तिको नाम गृहमन्त्रीले सिफारिस समितिमा पठाउनु पर्नेछ।"

(ग) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) विभूषण सिफारिस सम्बन्धी अन्य प्रकृया नेपाल सरकारको गृह मन्त्रालयले तोके बमोजिम हुनेछ।"

(२) दफा ७ को उपदफा (१) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखिएको छ।

९०. **<u>स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मा संशोधन</u>:** स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ५ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

“(क) प्रमुख विशेषज्ञ, नीति, योजना तथा अनुगमन र गुणस्तर मापन तथा नियमन, मन्त्रालय -अध्यक्ष”

९१. **<u>घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन</u>:** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा ९ को ठाउँ ठाउँमा रहेका "महिला तथा बालबालिका कार्यालय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखी "सो कार्यालयले" भन्ने शब्दहरु झिकिएका छन्।

(२) दफा ११ को,-

(क) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछन्।

(१ख) नेपाल सरकारले स्थापना गरेका सेवा केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता सेवा केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको सेवा केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ।"

(३) दफा १२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ११ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम सेवा कोष स्थापना गर्न सक्नेछ।"

(४) दफा १२क. को सट्टा देहायको दफा १२क. राखिएको छः-

"**१२क. <u>संरक्षण अधिकृत</u>ः** स्थानीय तहले घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने काम समेतका लागि एकजना संरक्षण अधिकृत तोक्न सक्नेछ।"

९२. **<u>कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधन</u>ः** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को,-

(१) दफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्ला, जाजरकोट, बाजुरा, बझाङ र अछाम जिल्ला सम्झनु पर्छ।"

(२) दफा ७ को उपदफा (२) को खण्ड (ज) मा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ३२ को ठाउँ ठाउँमा रहेका "प्रवेशिका परीक्षा" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३४ को उपदफा (१) मा रहेको “प्रवेशिका” भन्ने शब्द पछि “वा सो सरह” भन्ने शब्दहरू थपी सोही उपदफाको स्पष्टीकरणमा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरूको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ।

९३. **<u>जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ मा संशोधन</u>** : जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को,–

(१) दफा ४ को ठाउँ ठाउँमा रहेका “जात, जाति, वंश, समुदाय वा पेशा” भन्ने शब्दरुको सट्टा “जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था” भन्ने शब्दहरु राखिएका छन् ।

(२) लामो शीर्षक, संक्षिप्त नाम र प्रारम्भ लगायत ठाउँ ठाउँमा रहेका “जातीय भेदभाव तथा छुवाछूत”, “छुवाछूत तथा भेदभाव”, “जातीय भेदभाव वा छुवाछूत” तथा “जातीय छुवाछूत वा भेदभाव” भन्ने शब्दहरुको सट्टा “जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव” भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।”

९४. **<u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा संशोधनः</u>** कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा १४ को उपदफा (२) मा रहेका “सम्बन्धित क्षेत्रको क्षेत्रीय प्रशासकलाई” भन्ने शब्दहरूको सट्टा “सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई” भन्ने शब्दहरू राखिएका छन्।

९५. **<u>बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मा संशोधनः</u>** बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को,-

(१) दफा १२ को उपदफा (२) र (३) मा रहेका “नेपाल सरकारले” भन्ने शब्दहरूको सट्टा “सम्बन्धित स्थानीय तहले” भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १५ मा रहेका “नेपाल सरकारले” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले” भन्ने शब्दहरू राखिएका छन्।

९६. **<u>पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ मा संशोधनः</u>** पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को,-

(१) दफा २ को खण्ड (ठ) मा रहेका “स्वास्थ्य मन्त्रालय” भन्ने शब्दहरूको सट्टा “स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय” भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७ को उपदफा (२) को खण्ड (ज) र (ट) को सट्टा देहायका खण्ड (ज) र (ट) राखिएका छन्:-

“(ज) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ट) प्रमुख, पोखरा महानगरपालिका -सदस्य”



नेपाल कानून आयोग

(३) दफा ३१ को उपदफा (१) मा रहेका "प्रवेशिका परीक्षा" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३३ को उपदफा (१) मा रहेका "प्रवेशिका" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरू राखिएका छन्।

९७. **खोप ऐन, २०७२ मा संशोधन**: खोप ऐन, २०७२ को,-

(१) दफा २ को खण्ड (ट) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १५ को खण्ड (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (घ), (ङ) र (च) राखिएका छन्:-

"(घ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-सदस्य

(च) सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय -सदस्य"

९८. **स्थानीय तह निर्वाचन ऐन, २०७३ मा संशोधन:** स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाअध्यक्ष एवं नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा बाँकी पदावधिको लागि निर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले तोकेको मितिमा त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गरिनेछ।

तर एक वर्ष भन्दा कम पदावधि बाँकी रहेको अवस्थामा उपनिर्वाचन गरिने छैन।"

९९. **बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधन**: बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छ:-

"**३९क. प्रदेशमा वित्तीय संस्थाको सञ्चालन सम्बन्धी व्यवस्था**: (१) नेपाल राष्ट्र बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही प्रदेशस्तरमा सीमित रही वित्तीय संस्थाको सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कबाट निर्धारित ईजाजत नीतिको अधीनमा रही प्रदेशले बनाएको कानून बमोजिम ईजाजतपत्र लिनु पर्नेछ।

(३) यस दफा बमोजिम सञ्चालन भएका वित्तीय संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण नेपाल राष्ट्र बैङ्कबाट हुनेछ।

(४) प्रदेशस्तरका वित्तीय संस्थाको सञ्चालन सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही सम्बन्धित प्रदेशको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

१००. **<u>विद्युत नियमन आयोग ऐन, २०७४ मा संशोधनः</u>** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "मन्त्रालय" भन्नाले उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्झनु पर्छ।"

१०१. **<u>राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधनः</u>** राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को,-

(१) दफा ३३ को उपदफा (१) मा रहेको "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू र "प्रविणता प्रमाणपत्र तह" भन्ने शब्दहरू पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(२) दफा ३४ को उपदफा (१) मा रहेको "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

१०२. **<u>स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधनः</u>** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २ को खण्ड (ज) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

१०३. **<u>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधनः</u>** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को,-

(१) दफा ३१ मा रहेका "नेपाल सरकारले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३२ को उपदफा (१) मा रहेका "नेपाल सरकारले तोकेको ढाँचामा" भन्ने शब्दहरुको सट्टा "महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन्।

१०४. **<u>उपभोक्ता संरक्षण ऐन,२०७५ मा संशोधनः</u>** उपभोक्ता संरक्षण ऐन,२०७५ को,-

(१) दफा १७ को उपदफा (१) मा रहेका "ढुवानी वा बिक्री वितरणमा अवरोध गर्नु हुँदैन" भन्ने शब्दहरूको सट्टा "ढुवानी गर्नु हुँदैन" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४० को उपदफा (४) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरू पछि "वा उपदफा (३)" भन्ने शब्दहरू थपिएका छन्।

**१०५.** **<u>सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनः</u>** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३० मा रहेका "संघीय मामिला विषय हेर्ने मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको गृह मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन्।

**१०६.** **<u>खारेजी र बचाउः</u>** (१) देहायका ऐनहरू खारेज गरिएका छन्:-

(क) विदेशी लगानी कर ऐन, २०१९

(ख) घर जग्गा कर ऐन, २०१९

(ग) रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०१९

(घ) सवारी साधन कर ऐन, २०३१

(ङ) सम्पत्ति कर ऐन, २०४७

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष दायर भई छिन्न बाँकी रहेका मुद्दा, निवेदन र प्रतिवेदनहरू तत् तत् अधिकारीबाटै सोही ऐन बमोजिम कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

(३) यो दफा प्रारम्भ हुँदाका बखत रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०१९ बमोजिम ठेक्का लगाएको भएमा त्यस्तो ठेक्का करार बमोजिमको अवधि समाप्त नभएसम्म त्यस्तो ऐन बमोजिम ठेक्कालाइ निरन्तरता दिन तथा ठेक्का बमोजिमको रकम उठाउन बाँकी भएकोमा बाँकी रकम उठाउन बाधा पर्ने छैन।

(४) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम कसूर भएको उजुरी परी अनुसन्धानको क्रममा रहेको भएमा सो ऐन बमोजिम नै अनुसन्धान र अभियोजन गर्न बाधा पर्ने छैन।

नेपाल कानून आयोग